सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १२३ ♦ २०८० साल माघ ९ गते मंगलवार ♦ 23 Jan 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## मधेस प्रदेशका शिक्षा मन्त्रीको विरोधका बीच मधेस कृषि विश्वविद्यालयको शिलान्यास

## प्रहरीबाट कुटिए शिक्षामन्त्री



**खबर दर्पण समाचारदाता**

**माघ ८ गते, राजविराज**

प्रहरीको लाठी प्रहारबाट मधेस प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री महेश प्रसाद यादवको टाउको फुटेको छ ।

सप्तरीको राजविराज १३ स्थित विषहरियामा जसपा अध्यक्ष उपेन्द्र यादवले गर्ने मधेस प्रदेश कृषि विश्वविद्यालयको शिलान्यास कार्यक्रममा विरोध गर्न पुगेका मन्त्री यादवमाथि प्रहरीले लाठी प्रहार गरेको हो । शिक्षामन्त्रीसमेतलाई बेवास्ता गरी राखिएको शिलान्यास कार्यक्रमको जनमत पार्टीले विरोध गर्दै आएको छ ।

यसअघि ऐन नियम मिचेर मधेस प्रदेश कृषि विश्वविद्यालयले विभिन्न गतिविधि अघि बढाएको तथा व्यापक अनियमितता र भ्रष्टाचार गरेको भन्दै हिजो आइतबार जनमत पार्टीका स्थानीय नेता तथा कार्यकर्ताले तालाबन्दी गरेका थिए ।

यस्तै प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री यादवले जबर जस्ती विश्वविद्यालयको शिलान्यास गरे त्यसबाट उत्पन्न हुनसक्ने अप्रिय घटनाको सम्पूर्ण जिम्मेवार उपकुलपति र रजिष्ट्रार नै हुने भनी आइतबार साँझ नै प्रेस विज्ञप्तिमार्फत ध्यानाकर्षण गराएका थिए ।

उनले प्रेस विज्ञप्तिमा शिक्षामन्त्रीको हैसियतले आफू विश्वविद्यालयको सिनेटको अध्यक्ष हुँदाहुँदै पनि शिलान्यासबारे कुनै जानकारी नदिइएको उल्लेख गरेका छन् ।

## मधेश कृषि विश्वविद्यालयले आर्थिक समृद्धिमा योगदान पुऱ्याउने : उपेन्द्र यादव



**खबर दर्पण समाचारदाता**

**माघ ८ गते, राजविराज**

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले मधेश कृषि विश्वाविद्यालयले आर्थिक समृद्धिमा योगदान पुऱ्याउने विश्वास व्यक्त गरेका छन् ।

पूर्व उपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले राजविराज नगर पालिका १३ स्थित विसहरियामा सोमबार आयोजित विश्वविद्यालय भवन निर्माणार्थ भूमिपूजन एवम् शिलान्यास गर्दै यस्तो बताएका हुन् ।

उनले भने, 'राजविराजमा आज कृषि विश्वविद्यालयको भूमिपूजन एवम् शिलान्यास गर्न पाउनुले म अत्यन्तै खुशी छु, दक्ष जनशक्ति उपादन गरी कृषि क्षेत्रमा आधुनिकीकरण गर्दै रोजगारी तथा आर्थिक समृद्धिमा योगदान मिल्नेमा विश्वस्त छु ।'

समारोहमा अपार सहभागिताले आफुमाथि जिम्मेवारी थपिएको बताउँदै उनले यस कार्यमा सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिए। निर्माण कार्य सम्पन्न गरी लक्ष्य प्राप्तितर्फ बढ्न विश्वविद्यालयलाई शुभकामना दिदै जसपा अध्यक्ष यादवले आफुबाट हुन सक्ने सहयोग र पहलकदमी लिन कुनै

बाँकी पृष्ठ २ मा

## जानकी मन्दिरमा सवा लाख दीप प्रज्वलन

भारतको अयोध्यामा राम मन्दिरको सोमबार प्राण प्रतिष्ठा भएको खुशीयालीमा जनकपुरधामको जानकी मन्दिरमा दीप प्रज्वल गरी दिपोत्सव मनाएको छ ।

रामको ससुराली र जानकीको माइतको रुपमा रहेको जनकपुरमा जानकी मन्दिरसहित विभिन्न धार्मिक संघसंगठनले उत्सव मनाएका हुन् । जानकी मन्दिर व्यवस्थापन पक्ष लगायत हिन्दुवादी संगठनले दीप प्रज्वलन गरेका हुन् ।



जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्लमययच को व्यवस्था ।

# विपन्न शीतलहरले ...

प्रहरी कार्यालय जनकपुरधामको तथ्याङ्कमा उल्लेख छ ।

पछिल्लो पटक २०७९ सालमा शीतलहरकै कारण १० जनाको मृत्यु भएको थियो भने यस वर्ष शीतलहरका कारण कसैको मृत्यु नभएको कार्यालयले जानकारी दिएको छ । यो त शीतलहरका कारण भएको मृत्यु भएको तथ्याङ्क हो । चिसोको असरले हुने विभिन्न रोगबाट धेरैको मृत्यु भइरहेको हुन्छ । यसको तथ्याङ्क कोहीसँग हुँदैन । पचहर्वाका रामदयाल सादा भन्नुहुन्छ, 'जाडोले बिरामी भएपछि उपचार पाउन नसकेर धेरैको ज्यान गइरहेको हुन्छ । तर यस सम्बन्धी विवरण कोहीसँग हुँदैन ।'

हुन पनि शीतलहरकै कारण कसैको मृत्यु भएको भनेर प्रमाणित गर्न सजिलो छैन । यसका लागि कसैको मृत्यु भएपछि पोस्टमार्टम गर्नुपर्ने हुन्छ । सरकारले सहयोग गर्ने कुनै ग्यारेन्टी नभएका कारण धेरै व्यक्ति यो झन्झटमा अल्झिन नचाहने उहाँ बताउनुहुन्छ ।

सुरक्षित घर, न्यानो लुगा र बाक्लो सिरको अभावमा मधेश प्रदेशमा अहिले ठूलो सङ्ख्यामा चिसोबाट बिच्चलीमा परेका छन् । उहाँहरु यो हिउँदे महिना कसरी कटाउने भन्ने चिन्तामा छन् ।

एक तथ्याङ्क अनुसार यस प्रदेशमा करिब १५ प्रतिशत जनसङ्ख्यामा यो समस्याबाट पीडित छन् । मधेश प्रदेशको जनसङ्ख्या ६१ लाख २६ हजार दुई सय ८८ छ । यसको १८ प्रतिशत बढी दलित छन् । त्यसमध्ये ५० प्रतिशत दलित अति नै विपन्न छन् । दलित बाहेकको पनि ५ प्रतिशत जनसङ्ख्या अत्यन्त गरीब छ ।

चिसोका कारण गरिब, निमुख्खा जनता न्यानो कपडाको पखाइमा छन् । उहाँहरुका लागि प्रदेश सरकार र स्थानीय तहले न्यानो कपडा तथा चिसोबाट बच्नका लागि प्रबन्ध मिलाउने आश्वासन दिनुका साथै बजेट समेत छुट्याएका छन् । तर, अहिलेसम्म विपन्नको दैलोसम्म कुनै किसिमको सहयोग पुग्न सकेको छैन ।

यता, मधेस सरकारका गृह सञ्चार तथा कानुन मन्त्री एवम् प्रदेश सरकारका प्रवक्ता मोहम्मद समिमले पुस २३ गते शीतलहरबाट प्रभावित २० हजार विपन्न परिवारलाई कम्बल वितरण गर्ने घोषणा गर्नुभएको छ । उहाँको सो घोषणा पनि मन्त्रालयमै सीमित हुन पुगेको छ । विपन्नसम्म पुग्न सकेको छैन ।

प्रवक्ता समिमले शीतलहर प्रभावित विपन्नलाई बाँड्ने भनिएको कम्बल खरिद भएर गोदाममा आइसकेको बताउनुभयो । उहाँले कम्बल खरिद गरेर शुक्रबार साँझ ल्याइसकेको बताउँदै खरिद पक्रियाका कारण केही ढिलाइ हुन गएको जानकारी दिनुभयो । सम्भवत् सोमबारबाट प्रदेशको आठ वटै जिल्ला प्रशासन कार्यालयमार्फत सो कम्बल वितरण गरिने उहाँले बताउनुभयो । "पहिलो चरणमा एक जिल्लामा दुई हजारका दर ले कम्बल वितरण गर्ने योजना छ । त्यसका लागि जिल्ला प्रशासन कार्यालयहरुलाई शीतलहरबाट प्रभावित विपन्नको विवरण उपलब्ध गराउन दस दिन अघि नै पत्रचार गरेका छौँ", प्रवक्ता समिमले भन्नुभयो । पत्रचार गरेअनुसार अहिलेसम्म सप्तरी, सिरहा, धनुषा र सर्लाहीले मात्र विवरणसहित माग गरेको उहाँले बताउनुभयो ।

# पत्रकार महतोमाथि दुर्व्यवहार गर्नेलाई कारबाहीको माग गर्दै बर्दिवासमा प्रदर्शन

**खबर दर्पण समाचारदाता**

**माघ ८ गते, बर्दिवास**

पत्रकार राजकरण महतोमाथि संघीय राजधानी काठमाडौंमा भएको भेद्भावजन्य दुर्व्यवहार घटनाविरुद्ध महोत्तरीको बर्दिवासमा विरोध प्रदर्शन गरिएको छ । घटनाको विरोध गर्दै दोषीलाई कानूनी दायरामा ल्याउन पत्रकार, साहित्यकार, कलाकारसहित स्थानीय युवाहरुले सोमवार शान्तिपूणर् प्रदर्शन गरेका हुन् ।

उनीहरुले बर्दिवासस्थित सिन्धुली रोडमा साम्प्रदायिक सद्भाव विथोल्न खोज्नेलाई कानूनी कार बाही गर, पत्रकार राजकरण महतोमाथि भेद्भावजन्य दुर्व्यवहार गर्नेलाई पक्राउ गर, रंग र पहिरनको आधारमा गरि ने विभेद अन्त्य गर, बहुजातीय पहिचानको रक्षा गर सहितका नाराहरु उल्लेखित प्लेकार्ड बोकेर सांकेतिक विरोध गरेका थिए । प्रदर्शनमा सहभागी प्रगतिशील लेखक संघ महोत्तरीका अध्यक्ष नारायण घिमिरेले कुनै नेपालीमाथि हुने विभेद सह्य नहुने बताए । उनले देशकै र ाजधानीमा पत्रकार महतोलाई गरिएको सामाजिक विभेदको घटनाप्रति खेद प्रकट गरे । 'सामाजिक सद्भाव विगार्न खोज्ने यस्ता घटनाको खुलेर विरोध गर्नैपर्छ,' उनले भने ।

नेपाल प्रेस युनियन महोत्तरी शाखाका अध्यक्ष संतोष सिंहले पटकपटक दोहोरिने यस्ता घटना निन्दनीय रहेको उल्लेख गरे । उनले पत्रकार राजकरण महतोलाई दुर्व्यवहारसँगै कुटपिट गर्नसम्म खाज्नेलाई कानुनी दायरामा ल्याउन प्रशासनसँग माग गरे ।



आईतबार पत्रकार महतो कोटेश्वरबाट पैदल तीनकुने जाने क्रममा तीनकुनेस्थित सडक किनारमा रोकीराखेको बा.२ ख ४५३४ नम्बरको सुन्दरीमाई यातायात (चक्रपथ परिक्रमा) नामक गाडीका कन्डक्टर र चालकले पत्रकार महतोलाई भेद्भावजन्य दुर्व्यवहार गरेका थिए । ती गाडीका कर्मचारीहरुले बिनाकारण 'भैंया' भनेर अभद्र व्यवहारसँगै गालीगलोज गर्दै उनीमाथि कुटपिटको प्रयास समेत गरेका थिए ।

पत्रकार महतोले सार्वजनिक अभद्र व्यवहार तथा गाली बेइज्जती कसुरमा दोषीहरूलाई पक्राउ गरी घटनाको अनुसन्धान गर्न प्रहरी वृत्त नयाँ बानेश्वर र मधेसी आयोगमा उजुरी समेत दर्ता गराइसकेका छन् । उजुरी दर्तापछि प्रहरी वृत्त नयाँ बानेश्वरका डिएसपी शिवराज बुढाथोकीले गाडी, गाडी चालक र कन्डक्टरलाई पक्राउ गर्न प्रहरी खटाइएको बताए । यता, मधेसी आयोगले भने घटनाका दोषीलाई कानूनी दायरामा ल्याउन सोमवार प्रहरी प्रधान कार्यालयलाई पत्रचार गरेको छ ।

घटना सम्बन्धमा नेपाल पत्रकार महासंघ महोत्तरी शाखा, जिल्लास्थित नेपाल प्रेस युनियन, प्रेस सेन्टर नेपाल, बर्दिवास नगर पत्रकार सञ्जाल, गौशाला नगर पत्रकार सञ्जालसहितका पत्रकारसम्बद संघसंस्थाहरुले प्रेस विज्ञप्ती निकालेर घटनाको घोर भर्त्सना गर्दै दोषीलाई अविलम्ब पक्राउ गरी कारवाही प्रक्रिया अघि बढाउन माग गरेका छन् ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**वृष-** अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मिथुन-** समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** -आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**वृश्चिक** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बर्दिवास राईमंडलको डाडामा लोपोन्मुख पंक्षी गिद्धको बासस्थान फेला




महोत्तरीको उत्तरी क्षेत्र राईमंडल डाडामा लोपोन्मुख पंक्षी गिद्धको बासस्थान फेला परेको छ । जिल्लाको उत्तरवर्ति पालिका बर्दिवासस्थित वडा नं. ३ मा रहेको उच्च ठाँउ राईमंडल वरपर गिद्धको प्राकृतिक बासस्थान फेला परेको हो ।

सनिवार बर्दिवास उधोग बाणिज्य संघले आयोजना गरेको पदयात्रामा सहभागीहरुले उक्त बासस्थानको अवोलोकन गरेका छन् ।

एक अध्यणअनुसार सन् १९८० ताका नेपालमा ५ देखि १० लाखको सङ्ख्यामा गिद्धहरू र हेको थिए तर २००५ देखि २०११ सम्मको तथ्याङ्कले गिद्धको सङ्ख्या ९० प्रतिशतभन्दा पनि बढिले घटेको देखाएको थियो । यसैलाई आधार मान्ने हो भने नेपालमा यसको संख्या निक्कै न्यून छ । तर राईमंडल वरपर भिमडाडा, सोलीघोप्टे, सेतो भिर जस्ता ठाउँमा देखिएका हजारौ गिद्धहरुको दृश्यले ठुलो बासस्थान रहेको अनुमान गरिएको छ । पदयात्रामा सहभागीहरुले स्थानीय सरकारले तत्काल गिद्ध संरक्षण क्षेत्र घोषणा गरेर पर्यटकीय केन्द्रकोरुपमा विकास गर्नुपर्ने धारणा राखे ।

नेपालका केही ठाँउहरुमा गिद्धको प्रजनन केन्द्र र गिद्ध रेस्टुरेन्ट समेत खोलेर यस्को संरक्षणको लागी सफल अभ्यासहरु भएको वताउदै स्थानीय लोसपाका नेता चेत कुमार थापा राईमंडल गिद्ध अध्यन केन्द्र वन्न सक्ने महत्वपूर्ण आधार भएको वताउछन ।



नेपाल सरकारले लागू गरेको 'गिद्ध संरक्षण कार्ययोजना सन् २००९-२०१३' को सफल कार्यान्वयन पश्चात नयाँ कार्ययोजना -सन् २०१५-२०१९) लागू गरिएको थियो । यस्को लागी स्थानीय सरकार संघ र प्रदेश सरकारसंग नजिक भएर काम गरे राईमंडल पर्यटकीय केंन्द्रकोरुपमा समेत विकास हुन सक्ने कतिपय विज्ञहरुको सुझाव छ ।

राईमंडल र भप्सी वरपर वस्ने स्थानीय बासिन्दाहरु विहानको समयमा हजारौको संख्यामा गिद्धहरु आकाशमा देखिने वताउछन । 'दुई देखी तिन प्रकार का गिद्धहरु आकाशमा बाक्लै देखिन्छन ।' स्थानीय बल बहादुर ले भने । 'विशेषगरी सेतो भिर वरपर नै उनीहरुको बासस्थान रहेको देखिन्छ ।'

यो पंक्षी सिकारी पंक्षी भएतापनि आफै सिकार गर्दैन । मरेका सिनो र बासी मासुहरू आहारा वनाउने गर्दछ । बासस्थानको अभाव, घरपालुवा जनावर हरूमा डाइक्लोफिनेक जस्ता एन्टीबायोटिक औषधिको प्रयोग लगायतका कारणले यो अहिले विश्वबाट लोप हुने स्थितिमा रहेको विज्ञहरु बताउछन ।

धर्मग्रन्थ रामायणमा रावण र ाक्षसले सीतालाई हरण गरी लङ्का लैजाँदा सीतालाई जोगाउन गिद्ध अन्तिम श्वास रहुन्जेल लडेको उल्लेख छ । नेपालको हिमाली क्षेत्रमा बस्ने तिब्तीयन मूलका लामा समुदायले त आफन्तको शव गिद्धलाई खुवाउदा मृतकको आत्मालाई स्वर्ग पुराउने दूतकारुपमा लिने गर्दछन । यसर्थ गिद्ध खाद्य श्रृंखलाको संयोजक, वातावरणीय सन्तुलन र जैविक विविधताको महत्वपूर्ण सूचक त हो नै समुदायको धार्मिक र सांस्कृतिक आस्थाको धरोहर कोरुपमा पनि लिइन्छ ।

त्यसैले राईमंडललाई गिद्ध संरक्षण क्षेत्र घोषणा गरी स्थानीय सरकारले यसलाई पर्यटन विकास केन्द्रकोरुपमा विकास गर्नुपर्ने उधोग बाणिज्य संघ बर्दिवासका अध्यक्ष बिष्णु खडका बताउछन । होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अध्यक्ष गोपाल कार्कीले राइमंडलमा देखिएको गिद्धको बासस्थानको ध्यानाकर्षण जनाएका छन् । सरोकार वालाहरुसँग छलफल अगाडी बढाएर यस क्षेत्रको संरक्षणको लागी कार्ययोजना बनाउने वताए ।





## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**मनरासिस्वा नगरपालिका, महोत्तरी**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**भंगहा नगरपालिका, महोत्तरी**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**पिपरा गाउँपालिका, धनुषा**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**एकडारा गाउँपालिका, महोत्तरी**

# विपन्न शीतलहरले कष्टमा, कम्बल सरकारको गोदाममा



**खबर दर्पण समाचारदाता**

**माघ ८ गते, महेन्द्रनगर**

तराइमा शीतलहर प्रत्येक वर्ष आउँछ । यसले जनजीवन कष्टकर बनाउने मात्रै होइन व्यक्तिको ज्यानै लिने गर्दछ । यस वर्ष पनि तराइमा शीतलहर चलेको तीन साताभन्दा बढी समय भइसक्यो । माघ १३ गतेदेखि चलेको शीतलहर अझै जारी छ ।

शीतलहरबाट सबै क्षेत्र अस्तव्यस्त बनेका छन् । सबभन्दा बढी विपन्न परिवार मारमा परेका छन् । दिनभर काम गरेर साँझ बिहान छाक टार्ने विपन्न परिवार मारमा परेका हुन् । ओढ्ने ओछ्याउने कपडा पर्याप्त नहुँदा विपन्न परिवारका वृद्धवृद्धा, सुत्केरी र बालबालिकालाई चिसोबाट बाँच्न गाह्रो भएको छ । शीतलहरबाट बच्न आगो ताप्नुबाहेकको विकल्प विपन्न समुदायसँग छैन ।

मधेश प्रदेशमा पछिल्लो पाँच वर्षको तथ्याङ्क हेर्ने हो भने शीतलहरका कारण ७५ जनाको ज्यान गएको देखिन्छ । सबैभन्दा बढी २०७४ सालमा धेरैको मृत्यु भएको थियो । २०७४ सालमा सबैभन्दा धेरै रौतहटमा २८, सप्तरीमा १८, महोत्तरीमा तीन, सिरहा र धनुषामा दुई/दुई तथा पर्सा र सर्लाहीमा एक/एक जनाको मृत्यु भएको प्रदेश

*बाँकी पृष्ठ २ मा*

# रामको प्राणप्रतिष्ठाको शुभ साइतमा जानकी फूलबारीमा २२५ वटा तुसलीका विरुवा रोपिए



**खबर दर्पण समाचारदाता**

**माघ ८ गते, महेन्द्रनगर**

भारतको अयोध्यामा भगवान रामको प्राणप्रतिष्ठा गरिएको शुभ साइतमा जनकपुरस्थित जानकी मन्दिर परिसरभित्र रहेको जानकी फूलबारीमा २२५ वटा तुसलीका विरुवा रोपिएको छ । पर्यावरण संरक्षण अभियन्ता एवम् वन निर्देशनालय मधेश प्रदेशका वन अधिकृत सुरेश शर्माले बहुउपयोगी सो तुलसीको विरुवा रोपेका छन् । प्रकृति र संस्कृति संरक्षण अभियानअन्तर्गत अयोध्यामा भगवान राम मन्दिरको प्राणप्रतिष्ठा गरिएको शुभ साइत पारेर तुलसीको वृक्ष रोपण गरिएको शर्माले बताउनुभयो । धार्मिक दृष्टिले मात्र नभइ आध्यात्मक र आयुर्वेर्दिक दृष्टिले समेत तुलसीको धेरै महत्व भएको उहाँले जानकारी दिनुभयो ।

तुलसीका १०८ वटाभन्दा बढी गुण छन् । 'धार्मिक दृष्टिकोणका साथै स्वाथ्यका दृष्टिले पनि अत्यन्त उपयोगी छ, अक्सिजनको कमी हुँदा तुलसी महत्त्वपूर्ण हुन्छ' वन अधिकृत शर्माले भन्नुभयो, 'मृत्यु संस्कार मा पनि तुलसीको मोठ र मञ्जरी महत्वपूर्ण मानिन्छ ।' यसैगरी, तुलसी जुन घरमा हुन्छ त्यहाँ यमराजका दूत नआउने विश्वास गरिन्छ । त्यस्तै अहिलेको समयमा एलोपेथिक, आयुर्वेदिक डाक्टरले तुलसीको पानी खानाले शरीर स्वस्थ हुने, कुनै विकार भए निराकण हुने उहाँको भनाइ छ । यसैगरी, उहाँले विवाह मण्डप, बिषहारा मन्दिर, जनकपुर रेल्वे स्टेशनस्थित हनुमान मन्दिरको परिसरमा रुद्राक्ष र चन्दनका विरुवा रोप्नुभएको छ ।

सो अवसरमा वन निर्देशनालय मधेश प्रदेशका निर्देशन सुनिल कर्ण, सब डिभिजन वन कार्यालय धनुषाका डिभिजलन प्रमुख बेचन चौधरीलगायत पर्यावरण संरक्षण अभियानहरुको सहभागित थियो ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**नगराईन नगरपालिका, धनुषा**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**औरही गाउँपालिका, धनुषा**



## R S सिनेमा हल बर्दिवासमा प्रदर्शन भईरहेको छ

**हनुमान**

शो समय १२-३ , ३-६ र ७-१० बजे





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा